बैठक संख्या -२

कार्यपालिका बैठक मिति २०८३/०५/१५ का प्रस्तावहरु

१. भोटेकोशी नदी बाढी प्रभावितको लागि राहत सम्बन्धमा ।
२. निवास संस्थाको साझेदारीमा एकल महिला परिवारको घर निर्माण छनौट सम्बन्धमा ।
३. सेवा करारमा कर्मचारी पदपूर्ती सम्बन्धमा ।
४. कानूनका मस्यौदा निर्माण सम्बन्धमा ।
५. कोइलाबास अथितिगृह भाडामा दिने सम्बन्धमा ।
६. LGPAS को प्रारम्भिक प्रतिवेदन सम्बन्धमा ।
७. गरिब घर परिचय पत्र वितरण सम्बन्धमा ।
८. विविध विषय सम्बन्धमा ।

कार्यपालिका बैठक मिति २०८३/०५/१५ गतेका निर्णयहरु

निर्णय नम्बर १

मिति २०८३/०५/१० गतेका दिन रसुवा, नुवाकोट, धादिङ तथा चितवन हुदैं वग्ने भोटकोशी नदी अर्थात बाढी आएकोले प्रभावित क्षेत्रहरुमा ठुलो मात्रामा जनधनको क्षति भएको हुँदा यस दुखद घडिमा दिवङ्गत आत्माहरुमा हार्दिक श्रद्धाञ्जली, परिवारजनमा गहिरो समवेदना र घाईतेहरुमा शिर्घ स्वास्थ्य लाभको कामना गर्दै यस संकटको घडिमा विपदमा परेकाहरुलाई राहत स्वरुप यस गढवा गाउँपालिका गाउँकार्यपालिकाको तर्फबाट गाउँपालिकामा कार्यरत श्रेणीविहीन कर्मचारी र स्वयमसेवक शिक्षकको १ दिन बराबर र सम्पूर्ण जनप्रतिनिधी तथा अन्य कर्मचारी र शिक्षकहरुको तिन दिन बराबरको पारीश्रमिक र गढवा गाउँपालिकाको विपद व्यवस्थापन कोष शिर्षकबाट रु. ५ लाख प्रधानमन्त्री दैवि प्रकोप उद्धार कोषमा रकम जम्मा गर्ने निर्णय गरियो । साथै यस गढवा गाउँपालिकामा स्थायी ठेगाना भइ विभिन्न कामकाजको सिलसिलामा विपद प्रभावित क्षेत्रमा गइ हराउनु भएकाको खोजी, उद्दार गर्न गाउँपालिकाबाट पालिका अध्यक्ष ज्युको नेतृत्वमा विपद फोकल परसन सहित निजका घर परिवारका सदस्यहरुलाई लिएर जाने र सो को खर्च व्यवस्थापन पालिकाबाट गर्ने निर्णय गरियो ।

कृष्ण प्रसाद पौड्याल
प्रमुख प्रशासकीय अधिकृत

यम नारायण शर्मा पोखेल
अध्यक्ष

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा,
लुम्बिनी प्रदेश, नेपाल

निर्णय नम्बर २

निवास संस्था तथा ग्रामिण उत्थान केन्द्रको साझेदारी र गढवा गाउँपालिकाको साझेदारीमा गढवा गाउँपालिकामा संचालन भईरहेको SWFH परियोजना अन्तर्गत अत्यन्त जिर्ण अवस्थामा रहेका र छनौट भएका तपशिलका १६ बर्ष मुनिका बच्चासहित एकल महिलाका घरहरु निर्माणका लागि लागत साझेदारी गर्ने र सोको कार्यक्रमको लागि प्रति घर रु.२,००,०००।०० (अक्षरुपीः दुइ लाख रुपैयाँ) मात्र का दरले पालिकातर्फबाट भुक्तानी दिने गरि स्वीकृत गर्ने निर्णय सवसम्मत रुपमा गरियो ।

तपशिलः

१. चन्द्र वकावल	गढवा १ वनघुर्सी
२. मनि कुमाल	गढवा १ मलमला
३. शिवा देवि सार्की	गढवा ३ धैरेनी
४. बिमला महरा	गढवा ६ खबरी
५. अनिता चौधरी	गढवा ५ धर्मपुर
६. कल्पना चौधरी	गढवा ७ मानपुर

निर्णय नम्बर ३

लुम्बिनी प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रममार्फत (शसर्त अनुदान) वित्तीय साक्षरता सहजकर्ता (सहायक पाचौं तह) को लागि ५० प्रतिशत रकम विनियोजन भई आएको हुँदा ५० प्रतिशत यस पालिकाबाट व्यहोर्ने गरि वित्तीय साक्षरता पदमा १ जना, गंगापरस्पुर स्वास्थ्य चौकी वडा नं. ५ मा एम.बि.बि.एस डाक्टर १ जना र कृषि एम्बुलेन्स, वस तथा दमकल सञ्चालनको लागि मौजुदा सवारी चालकवाट मात्र सञ्चालन गर्न कठिनाई भएको हुँदा भारी सवारी चालक १ जना कर्मचारी सेवा करारमा पदपूर्ती गरि कामकाजमा लगाउने निर्णय गरियो ।

निर्णय नम्बर ४

निम्न कानूनहरु संशोधन तथा आवश्यक परेकोले मस्यौदा तयार गरि विद्यायन समितिमा पेश गर्ने निर्णय गरियो ।

- कर्मचारी कल्याण कोष (उपदान) सेवा संचालन कार्यविधि, २०८३
- गढवा गाउँपालिकाको स्वास्थ्य तथा सरसफाई ऐन, २०७९ को संशोधन ।

कृष्ण प्रसाद पौड्याल
प्रमुख प्रशासकीय अधिकृत

यम नारायण शर्मा पोखरेल
अध्यक्ष

गढवा गाउँपालिका
कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

निर्णय नम्बर ५

गढवा गाउँपालिका वडा नं ८ स्थित निर्माण भएको कोइलाबास अथिति गृहलाई भाडामा दिन न्यूनतम कबोल अंक मासिक ५० हजार कायम गरी सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

निर्णय नम्बर ६

यस गढवा गाउँपालिकाको आ.व. २०८२/०८३ मा स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन (LGPAS) को एकीकृत प्रारम्भिक प्रतिवेदनबाट प्राप्त नतिजा उपर विषयगत समितिमा छलफलको लागि पठाउने र विषयगत समितिबाट प्राप्त पृष्ठपोषणको नतिजाको आधारमा प्रमुख प्रशासकीय अधिकृतमार्फत पृष्ठपोषणको लागि जिल्ला समन्वय समितिमा पठाउने निर्णय गरियो ।

निर्णय नम्बर ७

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अन्तर्गत गरिबी निवारण तथा कोष अभिलेख व्यवस्थापन शाखाको च.नं. ५, मिति २०८३/०५/०९ गतेको पत्रको व्यहोरा अवगत भयो । सो सम्बन्धमा यस गढवा गाउँपालिकामा प्राप्त भएका गरिब परिवार परिचय पत्र सम्बन्धमा छलफल गर्दा मन्त्रालयबाट प्रकाशित पुस्तकमा गरिव घर परिचय पत्र अपूर्ण तथा संशोधन गर्नुपर्ने आवश्यक देखिएकोले सुधारको लागि पुन मन्त्रालयमा पत्राचार गर्ने निर्णय गरियो ।

निर्णय नम्बर ८ : विविध विषय सम्बन्धमा देहायबमोजिम निर्णयहरु गरियो ।

१. गढवा गाउँपालिका भित्र निर्माण भएका तर अभिलेखिकरण हुन बाँकी रहेका घरहरुलाई मिति २०८३/०६/०१ गतेदेखि २०८३ साल पुस मसान्तको म्याद भित्र अभिलेखिकरण गर्नको लागि सूचना प्रकाशित गर्ने निर्णय गरियो ।

२. गढवा गाउँपालिका अन्तर्गत रहेका सामुदायिक विद्यालयमा कार्यरत स्वयमसेवक शिक्षकहरुले तलब वृद्धिका लागि ज्ञापनपत्र पेश गरेको हुँदा सो सम्बन्धमा आवश्यक निर्णय अर्को अधिवेशनमा गर्ने निर्णय गरियो ।

कृष्ण प्रसाद पौड्याल
प्रमुख प्रशासकीय अधिकृत

यम नारायण शर्मा पोखेल
अध्यक्ष

गढवा गाउँपालिका
कार्यपालिकाको दोस्रो कार्यालय
गढवा,
लुम्बिनी प्रदेश, नेपाल

३. मिति २०८३ साल बैशाख ०९ गते बैठक संख्या १५ को निर्णय नम्बर १२ अन्तर्गत स्थानीय पाठ्यक्रम बमोजिम पठनपाठनको लागि आवश्यक उपकण विद्यालयहरुलाई उपलब्ध गराउने निर्णय भएकोमा खरिद भइ आएका उक्त माटोको भाडा बनाउन प्रयोग हुने उपकरण (चक्का) तपशिलका विद्यालयहरुमा प्रति विद्यालय २ थानका दरले उपलब्ध गराउने निर्णय गरियो ।

तपशिल:

(क) श्री जनता मा.वि. गढवा
(ख) सरस्वती मा.वि. गोवरडिहा
(ग) माध्यामिक विद्यालय, पचहिया

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ, लुम्बिनी प्रदेश, नेपाल

कृष्ण प्रसाद पौड्याल
मुख्य प्रशासकीय अधिकृत

धर्म नारायण शर्मा पोखेल
अध्यक्ष